प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

धनगढी, कैलाली

## सुदूरपश्चिम प्रदेशका प्रत्येक स्थानीय तहमा लघु वा घरेलु उद्योग स्थापनाका लागि मापदण्डमा आधारित पुँजिगत अनुदान सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**दोस्रो तथा अन्तिम पटक सूचना प्रकाशित मितिः २०७७/०९/०९**

यस निर्देशनालयको आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेशका स्थानीय तहहरुमा लघु वा घरेलु उद्योग स्थापना तथा प्रवर्द्धन गर्न प्रत्येक स्थानीय तहमा छुट्टाछुट्टै प्रतिस्पर्धा हुनेगरी सिलबन्दी प्रस्ताव माग गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशन भएको मिति २०७७।०७।२७ अगावै प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भै संचालन भएका / संचालनको क्रममा रहेका **डोटी जिल्लाका** तपसिलमा उल्लेखित स्थानीय तहहरुका सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जारी भएको "प्रदेश उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्धी वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि २०७७/०७८" बमोजिम योग्यता पुगेका इच्छुक इजाजतपत्र प्राप्त लघु वा घरेलु उद्योगका उद्दमीहरुले कार्यविधिमा तोकिए बमोजिम आवश्यक विवरण भरी यस निर्देशनालय वा सम्बन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालयमा **यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र** कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि अन्तिम पटक यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावकले पेश गर्नुपर्ने विवरण कार्यविधिमा निर्धारित ढाँचा अनुसार हुने हुँदा सो कार्यविधि मन्त्रालयको वेवसाइट moitfe.p7.gov.np बाट डाउनलोड गरी वा निर्देशनालय वा सम्बन्धित कार्यालयबाट प्राप्त गरी सिलबन्दी प्रस्ताव तयार गरी पेश गर्न यो सूचना आव्हान गरिएको छ । विस्तृत जानकारीका लागि यस निर्देशनालय (०९१-५२६९२८) वा घरेलु तथा साना उद्योग कार्यालय, डोटी (०९४-४४०११४) मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**पुनः प्रस्ताव माग गरिएका स्थानीय तहहरुः**

| | | | |
|---|---|---|---|
| दिपायल सिलगढी नगरपालिका | शिखर नगरपालिका | बडीकेदार गाउँपालिका | आदर्श गाउँपालिका |
| सायल गाउँपालिका | पूर्वीचौकी गाउँपालिका | के.आई. सिंह गाउँपालिका | जोरायल गाउँपालिका |
| बोगटान गाउँपालिका | | | |

**पुनश्चः** मिति २०७७।०७।२७ मा प्रथम पटक ३० दिने सूचना प्रकाशन गरिएकोमा तोकिएको संख्यामा प्रस्ताव दर्ता नभएका स्थानीय तहहरुमा रहेका लघु वा घरेलु उद्योगका लागि मात्र पुनः १५ दिने सूचना प्रकाशन गरिएको ।